राष्ट्रिय साप्ताहिक
# जनजिब्रो
Janajibro National Weekly

सत्य समाचार, तथ्यमा आधारित विश्लेषण
सन्तुलित विचार, मर्यादित भाषाशैली
स्वस्थ मनोरञ्जन, शिष्टाचारयुक्त प्रस्तुति
खोजपूर्ण र ज्ञानवर्द्धक सामग्रीका लागि
newskoseli.com
सबैतिरबाट, सबैका लागि


वर्ष– २८, अङ्क– २४, माघ ६ गते शुक्रबार, २०७९ (20 Jan., 2023) | www.janajibro.com | मूल्य रू. १०।-

# हृदयविदारक विमान दुर्घटना

## आन्तरिक उडानतर्फ हालसम्मकै सवैभन्दा ठूलो क्षति, ७२ जना सवैको मृत्यु

■ जनजिब्रो संवाददाता

**काठमाडौं ।** मुलुकभर माघे संक्रान्ति अर्थात् माघीपर्व रमाउँदै गरेका नेपालीलाई माघ १ गते बिहान यती एयरलाइन्सको विमान दुर्घटनाको खबरले स्तब्ध बनायो । मौसम समेत अनुकूल र अवतरणका लागि केही मिनेट मात्रै बाँकी हुँदा भएको यतीको एटीआर- ७२ विमान दुर्घटना नेपालको आन्तरिक उठानतर्फको हालसम्मकै सबैभन्दा ठूलो दुर्घटना हो ।




आइतबार बिहान काठमाडौंबाट बिहान १०:३३ बजे पोखराका लागि उडान भरेको एन-एएनसी एटीआर-७२ विमान अवतरणका क्रममा पुरानो र नयाँ विमानस्थल बीचको सेती नदी किनारमा दुर्घटना भएको यती एयरलाइन्सका प्रवक्ता सुदर्शन बर्तौलाले जानकारी दिए। यो दुर्घटना आन्तरिक उडानमा सबैभन्दा ठूलो रहेको नेपाल नगारिक उड्डयन प्राधिकरणका प्रवक्ता जगन्नाथ निरौलाले जानकारी दिए। यसैबीच प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले पोखरामा भएको उक्त विमान दुर्घटनाप्रति दुःख व्यक्त गरेका छन् । विमान दुर्घटना भएको खबर पाएलगत्तै प्रधानमन्त्री दाहालले उद्धारमा लाग्न गृह मन्त्रालय, सुरक्षाकर्मी, नेपाल सरकारका सम्पूर्ण निकायलाई निर्देशन दिएका थिए ।

प्रधानमन्त्री दाहालले पोखरामा विमान दुर्घटना भएको सूचना पाएलगत्तै त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा रहेको उद्धार समन्वय केन्द्रसँग घटनाबारे विस्तृत विवरण लिएका थिए । उनले दुर्घटना हुनुको प्राविधिक र अन्य कारणबारे जानकारी लिएको प्रधानमन्त्रीको सचिवालयले बताएको छ । दुर्घटनाको विषयलाई लिएर मन्त्रिपरिषद्को आकस्मिक बैठक बोलाइएको थियो ।

उता राष्ट्रपति विद्यादेवी भण्डारीले पोखरामा भएको यति एयरलाइन्सको विमान दुर्घटनाप्रति दुःख व्यक्त गरेकी छन् । दुर्घटनाको जानकारी पाएलगत्तै राष्ट्रपति भण्डारीले

क्रमशः अन्तिम पृष्ठमा

# माओवादीका नवनियुक्त मन्त्रीहरुद्वारा पदबहाली

## महिला नेतृ रेखा शर्मा सञ्चार तथा सूचना प्रविधिमन्त्री

**काठमाडौं ।** नेकपा (माओवादी केन्द्र) बाट नवनियुक्त मन्त्रीहरूले पदभार ग्रहण गरेका छन् । राष्ट्रपति कार्यालय शीतल निवासमा पद तथा गोपनीयताको शपथ लिएर नवनियुक्त मन्त्रीहरूले पदभार ग्रहण गरेका हुन् । नवनियुक्त सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले पद तथा गोपनीयताको शपथ लिएलगत्तै सिंहदरबारमा पुगेर पद बहाली गरेकी हुन् ।

पदभार ग्रहण गर्दै मन्त्री शर्माले 'सञ्चारको पहुँच सुनिश्चित गराउने' सम्बन्धी कार्यक्रमको विद्युतीय माध्यमबाट सुरुवात गरेकी छन् । पदभार ग्रहण गर्दै नवनियुक्त मन्त्री शर्माले सञ्चार तथा प्रविधिको सेवालाई देशव्यापी बनाउनेतर्फ आफ्नो विशेष सक्रियता रहने उल्लेख गर्दै देशभर सञ्चारसेवालाई सर्वसुलभ, पहुँचयोग्य बनाउने र त्यसका लागि सबैसँग मिलेर काम गर्ने प्रतिबद्धता व्यक्त गरिन् ।

आफू नयाँ क्षेत्रमा आएको भन्दै मन्त्रालय र मातहतका सबै निकायको यथेष्ट जानकारी लिएर यसभित्र रहेका समस्या समाधान गर्ने मन्त्री शर्माको भनाइ थियो । पदबहालपछि सञ्चारकर्मीसँगको सङ्क्षिप्त कुराकानी गर्दै मन्त्री शर्माले पार्टीले दिएको जिम्मेवारीलाई पूर्णरूपमा कार्यान्वयन गर्ने र त्यसमा सबैको साथ तथा सहयोग जरुरी रहेको बताइन् ।

नेकपा (माओवादी केन्द्र)को स्थायी समिति सदस्य शर्माले गत मंसिर ४ मा सम्पन्न प्रतिनिधिसभा निर्वाचनमा नेकपा (एमाले) का महासचिव शङ्कर पोखेललाई पराजित गर्दै विजयी भएकी थिइन् । विसं २०७० र २०७४ मा प्रतिनिधिसभामा समानुपातिक सदस्यका रूपमा निर्वाचित मन्त्री शर्मा २०७२ साल कात्तिकदेखि २०७३ कात्तिकसम्म सामान्य प्रशासनमन्त्रीको जिम्मेवारीमा रहेकी थिइन् ।

बाबु गिरिराज शर्मा र आमा पार्वती शर्मा पौड्यालको कोखबाट विसं २०२६ असोज ९ गते दाङको घोराहीमा जन्मिएकी शर्माले विसं २०४२ देखि राजनीतिक यात्रा थालनी गरेकी थिइन् । विसं ०४२/४३ देखि अनेरास्ववियुको स्कुल इकाइ कमिटीबाट विद्यार्थी राजनीति होमिएकी उनी २०४८ मा अखिलको जिल्ला उपाध्यक्ष, विसं २०५० मा अखिल नेपाल महिला संघ (क्रान्तिकारी)को दाङ अध्यक्ष हुँदै २०५१ मा केन्द्रीय सदस्य, २०५३ वाईसीएलको केन्द्रीय सदस्य, २०५७ मा अखिल नेपाल महिला संघ (क्रान्तिकारी)को केन्द्रीय अध्यक्षसम्मको जिम्मेवारीमा रहेर कार्यसम्पादन गरेकी पात्र हुन् ।

नवनियुक्त सञ्चारमन्त्री शर्माले विसं २०५७ मा नेकपा (माओवादी)को केन्द्रीय सदस्यका रूपमा काठमाडौं उपत्यका उपब्यूरोको इन्चार्जको भूमिका निर्वाह गर्दै गर्दा विसं २०५८ चैतमा पार्टीका केन्द्रीय सदस्य तथा उनका श्रीमान कृष्णध्वज खड्कासँगै

क्रमशः अन्तिम पृष्ठमा

# मानसिक स्वास्थ्य र कार्यस्थलको प्रभाव

**समय-सन्देश**

**गोपाल ढकाल, मनोविद्**

प्रायः हामी सबैले दैनिक आठ-दस घन्टा अर्थात् जीवनको सवैभन्दा ठूलो हिस्सा कृषि, उद्योग, वित्तीय संस्था, शैक्षिक संस्था, स्वास्थ्य संस्था, प्रहरी-प्रशासन, अरु कुनै सुरक्षा निकाय, कलकारखाना, सरकारी तथा गैरसरकारी सङ्घ-संस्था आदिजस्ता कार्यस्थलमा काम गरेर नै बिताउँदछौं । कार्यस्थलको वातावरणले त्यहाँ काम गर्नेहरूको शारीरिक एवम् मानसिक स्वास्थ्यमा सकारात्मक वा नकारात्मक प्रभाव पारिरहेको हुन्छ । प्रायः नकारात्मक असर नै पारिरहेको हुन्छ । तर, यस विषयमा खासै ध्यान दिने गरिएको पाइँदैन ।

हाम्रो समाजमा अझै पनि मानसिक स्वास्थ्यप्रतिको बुझाइ, धारणा र सोच सकारात्मक हुन सकेको छैन । मानसिक स्वास्थ्य समस्यालाई 'कलङ्क' का रूपमा हेरिन्छ । मानसिक स्वास्थ्य समस्यालाई लुकाउने, भन्न तथा उपचारको खोजी गर्न डराउने र अप्ठ्यारो मान्ने गरिएको छ । आफ्नो मानसिक स्वास्थ्य समस्या कसैलाई सुनाउँदा सहयोग पाउनुको सट्टा साथीभाइ र सहकर्मीबाट अपमानित हुनु परेका र कामबाटै हात धुनु परेका उदाहरण पनि प्रसस्तै भेटिन्छन् ।

कामदार, कर्मचारी र मजदुरको मानसिक स्वास्थ्य सबल नहुँदा उनीहरूको काम गर्ने जाँगर र क्षमतामा कमी आउँछ । यस्तो अवस्थामा काम गर्न जाँगर नचल्ने, बिदामा मात्र बस्न खोज्ने वा जागिर छाड्ने, अनुपस्थित रहने, दुर्घटनामा पर्ने, जाँड-रक्सीको कुलतमा फस्ने, रिसाउने, झगडालु हुने, सेवाग्राहीसँग राम्रो व्यवहार नगर्ने र झकर्नेजस्ता लक्षणहरू देखापर्ने गर्दछन् । हाम्रो समाजमा कामलाई समेत उतिसाह्रो सम्मान गर्ने गरेको पाइँदैन । कसैले गर्ने काम र उस/उनको पद या ओहोदाका आधारमा व्यक्तिलाई हेर्ने दृष्टिकोण फरक-फरक रहँदै आएको छ । कामकै आधारमा 'सानो जात' वा 'ठूलो जात' भनेर समेत वर्गीकरण गरिँदै आएको अवस्था छ । लुगा सिलाउने, जुत्ता सिउने, फलाम/धातुको काम गर्ने आदिजस्ता व्यक्तिहरूलाई 'अछुत' भनिन्छ/ठानिन्छ र सोहीअनुरूपको व्यवहार समेत गरिन्छ । यस्तो व्यवहारले स्वभावतः त्यस्ता काम गर्नेहरूको आत्मसम्मानमा चोट पुग्छ; तनाव र कामप्रतिको निराशा बढाउँछ; मानसिक स्वास्थ्यमा प्रतिकूल प्रभाव पर्दछ ।

क्रमशःदोस्रो पृष्ठमा

विजय प्राप्त गर्ने र सत्ता हातमा लिने कुरा तिनीहरुका लागि मात्र सम्भव छ, जो जनतालाई विश्वास गर्दछन् र उनीहरुकै सिर्जनात्मक क्षमतामा भर परेर फड्को मार्न तयार हुन्छन्। **-लेनिन**

**जनजिब्रो साप्ताहिक**
वर्ष- २८, अङ्क- २४, माघ ०६ गते शुक्रबार, २०७९

## सम्पादकीय

# निरन्तर हवाइ दुर्घटनाको कहालीलाग्दो श्रृङ्खला

माघ महिना लागेकै दिन नेपालको दोस्रो राजधानीका रूपमा चिनिने पोखरामा कहालीलाग्दो किसिमले विमान दुर्घटना भएको छ। पत्रकार, चिकित्सक, प्रशिक्षक पाइलट, क्याप्टेन, एरहोस्टेस, राष्ट्रियस्तरका कलाकार, नाबालक-नाबालिका, वृद्ध-वृद्धासहित ७२ जना होनहार नेपाली र केही विदेशी नागरिक समेतले उक्त विमान दुर्घटनामा ज्यान गुमाए। आन्तरिक उडानतर्फ नेपाली आकाशमा भएको यो नै हालसम्मको सवैभन्दा ठूलो क्षति पुऱ्याउने हवाइ दुर्घटना हो।

सरकारी क्षेत्रबाट सञ्चालित हवाइ सेवा अनियमितता, भ्रष्टाचार र चरम राजनीतीकरणका कारण लामो समयदेखि नै एकदमै थिल्थिलो अवस्थामा छ। यो स्थितिको फाइदा उठाउँदै निजी क्षेत्रका व्यापारीहरूद्वारा सञ्चालित हवाइ सेवा पनि भरपर्दो र विश्वसनीय नभएको यथार्थताको प्रमाण हो, यो दुर्घटना। पन्ध्र वर्षभन्दा बढी आयु पार गरेको विमान पर्याप्त मर्मत-सम्भारविनै ठूलो सङ्ख्याका यात्रुहरू बोकेर उड्नाले निरन्तरजसो नागरिकको ज्यान गुम्दै आएको छ र अहिले पनि गुमेको छ।

यातायातका साधनहरूमध्येकै सवैभन्दा सुरक्षित, भरपर्दो, छिटो र आरामदायी माध्यमका रूपमा रहेको हवाइ सेवाका क्षेत्रको यस्तो कहालीलाग्दो अवस्था शीघ्रातिशीघ्र अन्त्य हुनु जरुरी छ। हवाइ क्षेत्रको नेतृत्व समाल्ने जिम्मेवारीमा पुगेका पर्यटन तथा नागरिक उड्डयनमन्त्रीहरू जहिल्यै उडन्ते-गफास्टक र आत्मप्रचारमुखी एवम् 'सेलिब्रिटी' किसिमका हुनु पनि यस्ता दुर्घटनाहरूको अन्तर्निहित कारण भएको तथ्यमा पनि सरोकारवाला सवैको ध्यान पुग्नु नितान्त जरुरी भइसकेको छ।

# मानसिक स्वास्थ्य र...

### कार्यस्थलमा निम्तने मानसिक समस्या

विश्व मानसिक स्वास्थ्य सङ्घका अनुसार कलकारखाना तथा विभिन्न कार्यालयहरूमा काम गर्ने पाँच जनामध्येका एकलाई कुनै न कुनै मानसिक समस्या हुने गरेको छ। रोजगारीमा रहेका धेरैमा हुने मानसिक स्वास्थ्य समस्या भनेको तनाव, एन्जाइटी र उदासिनता नै हो। यद्यपि कामदारमा देखिने गरेको मानसिक समस्याको उपचार भने पचास प्रतिशत मात्र हुने गरेको विभिन्न तथ्याङ्कहरूले देखाउँछन्।

कार्यस्थलको वातावरणका कारण तनाव बढ्नु र मानसिक स्वास्थ्य समस्या देखा पर्नुका पछाडि धेरै कारक तत्त्वहरू रहेका हुन सक्दछन्। कार्यस्थलमा हुने बुलिङ र ह्यारेसमेन्ट, हाकिम तथा व्यवस्थापकले गर्ने व्यवहार, कामको प्रकृति, एउटै कामका ज्याला/पारिश्रमिकमा महिला-पुरुषबीच हुने असमानता, कार्यसम्पादनको भार, महिला कर्मचारीप्रति गरिने यौनशोषण वा यौनजन्य हिंसा, आर्थिक शोषण, सेवा-सुविधामा कमी, उत्प्रेरणायुक्त व्यवहारको अभाव, नयाँ-नयाँ प्रविधिको अभाव या असामन्जस्यता, प्राप्त तलबबाट आफ्ना आधारभूत आवश्यकता पूरा नहुने अवस्था, आराम र मनोरञ्जनको अभाव, अनुभव र सिपको कमी, रोजगारी अवधि सुनिश्चितताको अभाव, रुचिभन्दा फरक काम गर्न बाध्य हुनुपर्ने अवस्था, व्यक्तित्व विकासको अवसरको अभाव, पर्याप्त बिदाको अभाव, क्षमताभन्दा बढी र कठिन काम गर्नुपर्ने बाध्यता, कार्यस्थल सफा-स्वस्थ नभई धुवाँ-धुलो र कोलाहालपूर्ण हुने स्थिति, 'ठूलो' र 'सानो' पदका आधारमा गरिने भेदभाव, प्रमोसनको अभाव, चाकडी-चाप्लुसी तथा दलाली प्रथा, नातावाद-कृपावाद आदिजस्ता कारणले कार्यस्थलमा मानसिक स्वास्थ्यलाई असर पुऱ्याउने काम हुन सक्दछ।

नेपालको परिप्रेक्षमा पनि कार्यस्थलमा हुने यस्ता बाधा, अवरोध र कठिनाइका कारण धेरैको मानसिक स्वास्थ्यमा असर र प्रतिकूल प्रभाव पर्न गएको यत्रतत्र देखिन्छ। अझ हामीकहाँ त भनाइ नै छ- 'सरकारी काम, कहिले जाला घाम!' प्रायः सरकारी कर्मचारीहरूमा काम गर्ने जोस-जाँगर र उत्प्रेरणाको निकै कमी भएको यो भनाइले देखाउँछ। सरकारी कर्मचारीले तुरुन्त भइहाल्ने काम समेत नगरिदिएको, सेवाग्राहीहरूसँग राम्ररी नबोलेको, रुखो व्यवहार गरेको, पैसा खान खोजेको आदिजस्ता आरोप बारम्बार र यत्रतत्र सुनिने गरेका छन्। हामीमध्येका धेरैले सँगालेको तितो अनुभव पनि हो यो।

ठूला भनिएका मिडिया हाउसहरूले श्रमजीवी पत्रकारहरूलाई न्यूनतम पारिश्रमिक पनि नदिएको, अस्पताल/स्वास्थ्य संस्थाहरूले नर्सहरूलाई पारिश्रमिक नदिई काममा लगाएको, सलाम नहानेको निहुँमा हाकिमहरूले सिपाहीहरूमाथि निर्घात कुटपिट गरेको, हाकिमहरूले सिपाहीहरूलाई जुत्ताको तुना बाँध्न र बुट पालिस गर्न लगाएको, घरेलु बालश्रमिक तथा घरेलु महिला कामदरमाथि यौन तथा शारीरिक हिंसा हुने गरेको, कार्यालय/कार्यस्थलभित्रै यौन शोषणका घटना हुने गरेको, जागिर लगाइदिन्छु भन्दै यौनशोषण गरेको आदिजस्ता समाचार बारम्बार पढ्न-सुन्न बाध्य भइने गरेको छ। यी खबरहरूले कार्यस्थलहरूमा हुने मानसिक समस्याहरूको सहज अनुभूति दिलाउँछन्।

### वैदेशिक रोजगारी : अवस्था झन् विकराल

वैदेशिक रोजगारीमा गएका नेपालीहरू मानसिक समस्याबाट झनै बढी प्रभावित हुने गरेको पाइएको छ। कामको जटिल र कठिन प्रकृति, साहुको दुर्व्यवहार, मानसिक टर्चर, शारीरिक एवम् यौनशोषण, कार्यस्थलको खराब वातावरण आदिजस्ता कारणबाट मानसिक समस्यामा पर्ने, आत्महत्या गर्ने, दुर्घटनामा पर्ने, गएको छोटो समयमै नेपाल फर्कन बाध्य हुने आदिजस्ता घटनाहरू बारम्बार देखिने/सुनिने गरेका छन्। वैदेशिक रोजगारीमा गएर नेपाल फर्केका महिलामा गरिएको एक अध्ययनअनुसार झन्डै ६८ प्रतिशत महिलाहरूमा कुनै न कुनै किसिमको मानसिक स्वास्थ्य समस्या भएको पाइएको छ।

कर्मचारी, कामदार वा मजदुरहरूको मानसिक स्वास्थ्य स्थिति स्वस्थ, सबल र मजबुत भए मात्र उनिहरूले राम्रोसँग काम गर्न सक्छन्। यसो हुन सक्दा उत्पादकत्व र मुनाफामा समेत वृद्धि हुन्छ। कर्मचारी, कामदार वा मजदुर मानसिक रूपमा स्वस्थ नहुँदा उनीहरूको कार्यक्षमतामा कमी आउँछ। यसो हुँदा एकातिर उत्पादन लागत बढ्न जान्छ भने अर्कातिर उत्पादकत्व र मुनाफा समेत घट्छ।

डिप्रेसन, तनावलगायतका मानसिक समस्याका कारण मजदुर, कर्मचारीको कार्यक्षमतामा कमी आई प्रत्येक वर्ष एक ट्रिलियन डलर बराबरको उत्पादकत्व ह्रास आउने गरेको एक अध्ययनले देखाएको छ। मानसिक स्वास्थ्यका निम्ति एक डलर बराबरको लगानीले चार डलर बराबरको प्रतिफल दिन सक्ने तथ्य समेत अर्को एक अध्ययनले देखाएको छ। यसर्थ, मानसिक स्वास्थ्यको सुरक्षामा लगानी गर्नु, आफ्ना कर्मचारी-कामदारको मानसिक स्वास्थ्य अवस्थामा ख्याल पुऱ्याउनु र कसैमा कुनै मानसिक स्वास्थ्य समस्या देखिए बेलैमा उपचारको पहल गर्नु तथा उपचारको खोजी गर्न उत्प्रेरित गर्नु अनि मानसिक स्वस्थतालाई सबैको चासो र सरोकारको विषय बनाउनु अत्यावश्यक छ।

### जिम्मेवारी र समाधान

मजदुर-कर्मचारीहरू खुसी, सन्तुष्ट र मानसिक रूपले स्वस्थ भए मात्र तिनले राम्रोसँग काम गर्न सक्दछन् र राम्रो परिणाम/प्रतिफल दिन सक्दछन्। कम्पनी/कार्यालयले गरेको प्रगतिका पछाडि कामदार-कर्मचारीहरूको निकै ठूलो हात हुन्छ भन्ने कुरालाई बिर्सनु हुँदैन।

कार्यस्थलको मानसिक स्वास्थ्यमा सुधार ल्याउनका लागि व्यवस्थापक, हाकिम तथा साहु र मानसिक स्वास्थ्यकर्मी, पैरवीकर्ता एवम् कामदार स्वयम् र सरोकारवाला, समाज अनि राष्ट्र-सवै-सवैको उत्तिकै महत्त्वपूर्ण भूमिका र जिम्मेवारी हुन्छ। कर्मचारी-कामदार र व्यवस्थापकबीचको सम्बन्ध सुमधुर बनाएर पारिवारिक वातावरण सिर्जना गर्ने, निर्णय प्रक्रियामा कर्मचारी-मजदुरहरूलाई समेत सहभागी गराउने, सबैको काम र भूमिकालाई उत्तिकै महत्त्व दिने र सम्मान गर्ने, स्वास्थ्य बीमाको व्यवस्था गर्ने, बेला-बेलामा कर्मचारीहरूलाई सम्मानित एवम् पुरस्कृत गर्ने, प्रमोसन गर्ने, उनीहरूको व्यक्तित्व विकासका लागि तालिमहरू सञ्चालन गर्ने, भ्रमण तथा पिकनिकमा लैजाने, तनाव व्यवस्थापनसम्बन्धी तालिम दिने, आवश्यकता र सम्भाव्यताअनुसार सेवा-सुविधा उपलब्ध गराउन ध्यान दिने, प्रविधिको अधिकतम सदुपयोग गरेर कामको बोझ घटाउने आदिजस्ता कार्यमार्फत मजदुर-कर्मचारीको तनाव घटाउन सकिन्छ। यसो गरेर नै उनीहरूको मानसिक स्वास्थ्यको संरक्षण गर्न सकिन्छ।

# 'हवाई दुर्घटना छानबिन प्रतिवेदन तयार पार्ने मात्र नभई कार्यान्वयनमा ध्यान जानु जरुरी'

**काठमाडौं** । जब-जब हवाई दुर्घटना हुन्छ तब-तब सरकारले दुर्घटना कम गर्न भन्दै छानबिन समिति गठन गर्छ र समितिले प्रतिवेदन पनि बुझाउँछ तर दुर्घटना न्यूनिकरण हुनुको सट्टा झनै बढिरहेको देखिन्छ। केही दिनअघि मात्रै पोखरामा यती एयरलाइन्सको विमान दुर्घटना आन्तरिक उडानतर्फको सबैभन्दा ठूलो क्षति भएको छ। काठमाडौंबाट पोखराका लागि उडान भरेको एनवाइटी-६९१, नाइन एन-एएनसी विमान दुर्घटना हुँदा ठूलो जनधनको क्षति भएको छ।

तुलनात्मक रूपमा सबैभन्दा सुरक्षित मानिएको र पोखरामा निमार्ण भएको नयाँ अन्तर्राष्ट्रिय विमानस्थलमा परीक्षण उडान समेत गरिसकेको एटीआर सिरिजको उक्त जहाज दुर्घटनामा पर्नु दुर्भाग्य भएको वायुसेवा सञ्चालक संघका प्रतिनिधि एवं आधिकारिक व्यवस्थापक घनश्यामराज आचार्यले बताए। एटिआर सिरिजका विमानले इञ्जिनमा कुनै प्राविधिक समस्या देखिए जानकारी उनको भनाइ थियो।

नेपालमा साना विमान दुर्घटना हुने गरेको भए पनि एटीआर विमान दुर्घटना भएको यो पहिलो घटना हो। सरकारले हवाई दुर्घटनालगत्तै अनुसन्धानका लागि पटक-पटक उच्चस्तरीय छानबिन समिति बनाउने, प्रतिवेदन तयार पार्ने र कार्यान्वयनका लागि सिफारिस गर्ने गरेको भए पनि प्रतिवेदन कार्यान्वयन गर्नेतर्फ ध्यान पुग्न नसक्दा विमान दुर्घटना दोहोरिने गरेको विज्ञहरूको भनाइ छ। आन्तरिक उडानतर्फ माघ १ गते बिहान पोखरामा भएको यती एयरलाइन्सको दुर्घटना छानबिनका लागि पनि सरकारले समिति गठन गर्ने निर्णय गरिसकेको छ।

सरकारले माघ १ गते बिहान पोखरामा यती एयरलाइन्सको विमान दुर्घटनाको सत्यतथ्य पत्ता लगाउन पाँच सदस्यीय जाँच आयोग गठन गरेको छ। प्रधानमन्त्री निवास बालुवाटारमा बसेको मन्त्रिपरिषद्को आकस्मिक बैठकले दुर्घटनाको कारण पहिचान गर्न र आगामी दिनमा त्यस्ता दुर्घटना दोहोरिन नदिनका लागि अपनाउनुपर्ने सुझावसहितको प्रतिवेदन दिन आयोग गठन गरेको हो।

पूर्वसचिव नागेन्द्र घिमिरे संयोजक रहेको सो आयोगमा हवाई विज्ञद्वय दीपकप्रकाश बाँस्तोला (अवकाशप्राप्त उपरथी) र सुनिल थापा (अवकाशप्राप्त क्याप्टेन) तथा हवाई मर्मत इञ्जिनीयर एकराजजङ थापा रहेका छन्। आयोगको सदस्यसचिवमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सहसचिव बुद्धिसागर लामिछाने छन्। आयोगलाई ४५ दिनको समयावधि तोकिएको छ। समितिले ४५ दिनभित्र प्रतिवेदन तयार पार्ने कार्यादेश दिइएको उपप्रधान एवं अर्थमन्त्री विष्णु पौडेलले जानकारी दिए।

यति एयरलाइन्सकाको विमान दुर्घटनापछि हवाई सुरक्षाका विषयमा चासो र चिन्ता बढेको छ। विभिन्न खालका आशंका र अनुमान पनि आएका छन्। तर सरकारले उच्चस्तरीय आयोग गठन गरिसकेको सन्दर्भमा आयोगको प्रतिवेदन नआई यसै भन्न नसकिने विज्ञ तथा जानकारको भनाइ छ।

नेपाल नागरिक उड्डयन प्राधिकरणका पूर्व महानिर्देशक त्रिरत्न मानन्धरले यती एयरको जहाज दुर्घटना नेपालको हवाई उड्डयन क्षेत्रकै दुर्भाग्य भएको उल्लेख गर्दै दुर्घटनाको कारणको खोजी गरी त्यसलाई कार्यान्वयन गर्नुपर्ने बताए। 'यो आफैंमा ठूलो र दुर्भाग्यपूर्ण घटना हो। तथ्य र कारण खोजी गरेर समाधानको उपाय खोजी गर्नुपर्छ' मानन्धरले भने।

यती एयरलाइन्सको दुर्घटनासम्म आइपुग्दा नेपालमा सयौं स्वदेशी तथा विदेशी नागरिकले ज्यान गुमाइसकेका छन्।

नेपालको विमान दुर्घटनाको इतिहासमा पहिलो अन्तर्राष्ट्रिय हवाई दुर्घटना सन् १९५५ मा कालिगा एयर बाराको सिमरामा दुर्घटना भएको थियो। सो दुर्घटनामा दुई जनाले ज्यान गुमाएका थिए। त्यसलगत्तै सन् १९५६ र १९५८ भारतीय एयरलाइन्सका दुइटा विमान दुर्घटना हुँदा ३४ जनाले ज्यान गुमाएका थिए। यस्तै सन् १९९० मा लुफ्थान्सा एयरको विमान दुर्घटना हुँदा ५ जनाले ज्यान गुमाएका थिए। सन् १९९२ मा भएको थाई एयरको विमान दुर्घटनामा एक सय १३ जना र सोही वर्ष पाकिस्तान एयरलाइन्सको विमान दुर्घटना हुँदा एक सय ५७ जनाले ज्यान गुमाएका थिए।

यस्तै सन् २०१४ मा अवतरणकै क्रममा टर्किस एयरको विमान दुर्घटना भए पनि मानवीय क्षति हुनबाट बच्यो भने सन् २०१९ सोलुखुम्बुको लुक्ला विमानस्थलमा समिट एअरको एउटा विमान धावनमार्गको छेउमा रहेका दुईवटा हेलिकोप्टरमा गएर ठोकिँदा कम्तीमा तीन जनाको मृत्यु भएको थियो। सन् २०१९ मै एयर डाइनेस्टीको हेलिकप्टर ताप्लेजुङको पाथीभरा नजिकै दुर्घटना हुँदा तत्कालीन संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री रवीन्द्र अधिकारीसहित ७ जनाको ज्यान गयो।

यस्तै सन् २०१८ मा अल्टिट्यूड एयरको हेलिकप्टर दुर्घटना हुँदा एक जापानी पर्यटकसहित पाँच जनाको ज्यान गएको थियो। सोही वर्ष बंगलादेशबाट नेपाल आएको यूएस बांगला एयरलाइन्सको विमान त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा दुर्घटमा पर्दा ५१ जनाको ज्यान गएको थियो। यसैगरी गएको जेठ १३ गते यतीकै भगिनी संस्था तारा एयरको ट्वीनअटर जहाज मुस्ताङमा दुर्घटना हुँदा २२ जनाको ज्यान गएको थियो।

नेपालको हवाई दुर्घटनाको इतिहासलाई हेर्दा हालसम्म दर्जनौं विमान दुर्घटना परेका छन्। सन् १९९१ जुन ९ मा नेपाल वायुसेवा निगमको जहाज दुर्घनामा पर्दा चालक दलका तीन सदस्यसहित १४ जनाको ज्यान गएको थियो। अहिलेसम्म आउँदा नेपालमा १०८औं हवाई दुर्घटना भएको अवस्था हो।

नेपालमा यति धेरै दुर्घटना भइसक्दा पटक-पटक छानबिन समिति बने र ती समितिले प्रतिवेदन पनि बुझाए दुर्घटना रोकिन नसक्नु भने दुर्भाग्य नै मान्नु पर्दछ। यसकारण पटक-पटक दोहारिएका यस्ता हवाई दुर्घटनाको खास कारण खोजेर आगामी दिनमा समस्या आउन नदिन सम्बद्ध पक्षले विशेष ध्यान जानु जरुरी छ।

पछिल्लो पटक भएको यती एयरलाइन्स विमान दुर्घटनाबारे प्रभावकारी छानबिन तथा अनुसन्धान गरी सत्यतथ्य पत्ता लगाइ आगामी दिनमा नेपाली हवाई उड्डयान क्षेत्रलाई सुरक्षित र भरपर्दो बनाउनु पर्ने आग्रह भइरहेको छ।

# मृत्युको धेरै पछि लोकप्रिय बनेका एन्टोनिओ ग्राम्सी

विचार-विश्लेषण

केदार सिटौला



सन् १८९१ मा इटालीको सार्डिनियामा जन्मेका हुन् एन्टोनिओ ग्राम्सी । उनको बाल्यकालदेखि पूरा जीवन नै असाध्यै दयनीय किसिमले बित्यो । उनी तीन वर्षको उमेरमै मेरुदण्डसम्बन्धी रोगबाट पीडित भए । उक्त रोगको उपचारका क्रममा ग्राम्सीलाई काम्रो बाँधेर घरको छतस्थित सिलिङमा झुन्ड्याइन्थ्यो । उनी बाल्यकालमा यो हदसम्म बिरामी परिरहन्थे कि चिकित्सकले त उनी बाँच्छन् भन्ने आशा नै मारिसकेका थिए । उनकी आमाले समेत आफ्नो कोठामा एउटा कफन र एक जोर नयाँ लुगा ठीक पारेर राखेकी हुन्थिन् । उनको ढाड र छाती दुवैतिर कुम्लो निस्केको थियो । लगातारको उपचारका कारण ग्राम्सीको शरीर नै विकृत बनिसकेको थियो ।

ग्राम्सी जम्माजम्मी ४ फिट १० इन्च उचाइका थिए । उनका बुबा फ्रान्सीको ग्राम्सी मध्यम तहका सरकारी कर्मचारी थिए । फ्रान्सीको राजनीतिक प्रतिशोधको शिकार बने र भ्रष्टाचारको आरोपमा साढे पाँच वर्ष जेल परे । यो घटनाले ग्राम्सी परिवारलाई आर्थिक रूपमा तहसनहस पारिदियो । पढाइमा अत्यन्त तेज हुँदाहुँदै पनि उनले एघार वर्षको उमेरमै स्कुल छाडेर काममा लाग्नुपर्‍यो ।

चरम शारीरिक दुर्बलताका बावजुद एन्टोनिओ ग्राम्सी सरकारी पञ्जीकरण कार्यालयमा दैनिक दस घन्टासम्म काममा जोतिए । आफ्नो तौलभन्दा गह्रुँगा फाइल र रजिस्टरहरू बोकेर यताउता गरिरहे । करिब दुई वर्ष काम गरेपछि उनी फेरि स्कुलमा फर्के र माध्यमिक शिक्षा पूरा गरे । आफूले बाल्यकालदेखि नै भोग्नुपरेको शारीरिक अस्वस्थता, दुर्बलता, शारीरिक कुरूपन र आर्थिक अभावका कारण ग्राम्सीमा निकै गहिरो मनोवैज्ञानिक प्रभाव पर्‍यो । उनमा समाजबाट अलग भएर बस्ने र अन्तर्मुखी स्वभाव विकसित भयो । उनमा यो प्रवृत्ति जीवनभर पटक-पटक देखा परिरह्यो ।

माध्यमिक शिक्षापछि ग्राम्सीले इटालीको ठूलो औद्योगिक सहर टुरिनस्थित 'टुरिन विश्वविद्यालय' मा छात्रवृत्ति पाए र त्यहीं अध्ययन गर्न थाले । तर, त्यसपछि पनि उनलाई आर्थिक अभाव र शारीरिक दुर्बलताले सताइरह्यो । उनले हात-मुख जोड्ने समस्याको समाधान र छात्रवृत्ति कायम राख्न हासिल गर्नुपर्ने शैक्षिक सफलताको दोहोरो बोझको भार थेगिरहे । चर्को समस्याका बावजुद उनले भाषाशास्त्र, साहित्य, दर्शनशास्त्र र कानुनको गहन अध्ययन गरे । यद्यपि आर्थिक, शारीरिक र मनोवैज्ञानिक समस्याकै कारण डिग्रीको अध्ययन भने अधुरै छाड्न उनी बाध्य भए ।

विश्वविद्यालय अध्ययनकै बेला ग्राम्सी समाजवादी पार्टीमा लागेका थिए । पढाइ छाडेपछि उनी पूर्णरूपमा राजनीति र पत्रकारितामा समर्पित भए । १९२१ मा स्थापित इटालियन कम्युनिस्ट पार्टीका संस्थापक सदस्यमध्ये ग्राम्सी पनि एक हुन् । इटालियन कम्युनिस्ट पार्टीको प्रतिनिधिका रूपमा ग्राम्सी १९२२ मा रुस पुगे । त्यहीं रुसी महिला जुलिया अप्लोनोवसँग उनको विवाह भयो । उनका दुई छोरा जन्मिए तर कान्छा छोरालाई भने ग्राम्सीले देख्न पनि पाएनन् ।

ग्राम्सी रुसबाट फर्केलगत्तै इटालियन कम्युनिस्ट पार्टीको प्रमुख बने । त्यसबेलासम्म इटालीमा मुसोलिनी फासीवादको जगजगी सुरु भैसकेको थियो । मुसोलिनी सत्ताले ग्राम्सीलाई गिरफ्तार गर्‍यो । अदालतमा सरकारी पक्षले जिकिर गर्‍यो- 'ग्राम्सीको दिमागलाई बीस वर्षसम्म काम गर्नबाट रोक्नुपर्छ ।'

सुरुमा अदालतले ग्राम्सीलाई पाँचवर्षे जेल सजाय तोक्यो र अर्को वर्ष त्यसलाई बढाएर बीस वर्ष पुर्‍याइदियो । तैपनि मुसोलिनी फासिवादले ग्राम्सीको दिमागलाई काम गर्नबाट रोक्न भने सकेन । ग्राम्सीले जेलजीवनका एघार वर्षबीच तेत्तीसवटा नोटबुक भरेर तीन हजारजति पेजमा आदिस्फ्ना विचारहरू लेखे, जो 'प्रिजन नोटबुक' का नामले विश्वभर प्रख्यात छ । उनले त्यसबाहेक पाँच सय वटाजति व्यक्तिगत पत्रहरू पनि लेखे । ग्राम्सीका लेखन र चिन्तन मूलतः क्रान्तिको स्वरूप, राज्य र नागरिक समाजको सम्बन्ध तथा सांस्कृतिक आधिपत्य र बुद्धिजीवीको भूमिकाका बारेमा केन्द्रित छन् ।

ग्राम्सी भन्ने गर्थे- 'शासकवर्गले बलप्रयोगद्वारा मात्र होइन, शासितवर्गको 'सहमति' समेत लिएर शासन गर्छन् ।' उनको विचारमा 'समाजमा वर्चस्वको लडाइँ सधैं नै चलिरहन्छ ।' उनको विचारमा शासकवर्गको वर्चस्व तोड्ने दुईवटा उपाय छन्- एउटा, चालको युद्ध र अर्को, स्थितिको युद्ध ।

ग्राम्सीको जेलजीवन अत्यन्तै कष्टकर थियो । जेलजीवनकै क्रममा उनका सबै दाँत झरे र पाचन प्रणालीले समेत काम गर्न छाड्यो । जेलभित्र उनी रगत बान्ता गर्थे, त्यतिबेला उनलाई यति चर्कोसँग टाउको दुख्थ्यो कि त्यो खप्न नसकेपछि उनी आफ्नो टाउको भित्तामा ठोक्काउँथे । ग्राम्सीकी श्रीमतीको अथक पहल र अन्तर्राष्ट्रिय अभियानको फलस्वरूप पक्राउ गरिएको आठ वर्षपछि उपचारका निम्ति उनलाई अस्पताल (जेलबाहिर) लगियो । उनको स्वास्थ्य धेरै नै बिग्रिसकेको थियो त्यसैले त्यसको दुई वर्षपछि थप उपचारका लागि इटालीबाट रोम लगियो । तैपनि उनी धेरै बाँच्न सकेनन् । ४७ वर्षको उमेरमा, २१ अप्रिल, १९३७ मा उनको निधन भयो । निधनको छ दिनपछि मात्र ग्राम्सीको कारावास अवधि समाप्त हुँदै थियो ।

ग्राम्सीको निधन भएको केही दशकपछि मात्र उनका 'प्रिजन नोटबुक' हरू बाहिर आए र इटालियन भाषाबाट अरु भाषामा अनुदित हुनथाले । त्यसपछि बल्ल उनको व्यक्तित्व उजेलिँदै र चर्चा चुलिँदै गयो । अचेल ग्राम्सीलाई मार्क्सवादी दर्शनका क्षेत्रमा मार्क्सपछिकै सर्वाधिक महत्त्वपूर्ण चिन्तक मानिन्छ ।

*(लेखक सिटौलाको फेसबुक पोस्टबाट)*



# अध्यक्ष नेपालद्वारा विमान दुर्घटनाप्रति दुःख व्यक्त

**काठमाडौं ।** पूर्वप्रधानमन्त्री एवं नेकपा (एकीकृत समाजवादी) का अध्यक्ष माधवकुमार नेपालले पोखरामा भएको यती एअरलाइन्सको विमान दुर्घटनाप्रति दुःख व्यक्त गरेका छन् ।

राजधानी काठमाडौंबाट पोखराका लागि उडे भरेको यती एयरलाइन्सको एटीआर-७२ विमान माघ १ गते दुर्घटनामा परेपछि मुलुक नै पीडामा डुबेको हो ।

नेकपा एसका अध्यक्ष नेपालले दुर्घटनाको तत्कालै प्रभावकारी रूपमा उद्धार गर्न सरकारसँग आग्रह गर्दै उद्धारमा खटिन आफ्ना पार्टीका स्थानीय कार्यकर्तालाई निर्देशन समेत दिएका छन् ।

चालक दलका चार सदस्य रहेको सो विमानले अनुमति लिएर पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा अवतरण गर्ने क्रममा दुर्घटनाग्रस्त भएको प्रहरीले जनाएको छ ।

# उडाउनुअघि अनिवार्य प्राविधिक परीक्षण गराउन सबै वायुसेवा कम्पनीलाई निर्देशन

**काठमाडौं ।** यती एयरलाइन्सको विमान पोखरामा दुर्घटना भएसँगै प्रधानमन्त्री निवास बालुवाटारमा बसेको मन्त्रिपरिषद्को आकस्मिक बैठकबीच सरकारले हवाई दुर्घटना हुन नदिन आन्तरिक उडानतर्फका सबै वायुसेवा कम्पनीलाई उडानअघि अनिवार्य प्राविधिक परीक्षण गर्न निर्देशन दिएको छ। उक्त बैठकले विमान परीक्षण गरे/नगरेको अनुगमन गर्न नागरिक उड्डयन प्राधिकरणलाई निर्देशन दिएको उपप्रधान एवं अर्थमन्त्री विष्णु पौडेलले जानकारी दिएका हुन् ।

'आन्तरिक उडानमा रहेका विमानको प्राविधिक पक्षको परीक्षण अनिवार्य गर्ने व्यवस्थाले हवाई दुर्घटना कम गर्न सघाउ पुग्ने हाम्रो अपेक्षा छ', बैठकका निर्णयबारे जानकारी दिँदै उनले भने- 'बैठकले घटना प्रति गहिरो दुःख व्यक्त गरेको छ। दिवंगतप्रति श्रद्धाञ्जली व्यक्त गरेको छ।'

दुर्घटनामा परी निधन भएका व्यक्तिका परिवारप्रति गहिरो समवेदना प्रकट गर्दै बैठकले माघ २ गते सोमबार दुर्घटनाका सन्दर्भमा शोक मनाउने र एक दिन सार्वजनिक बिदा गर्ने निर्णय समेत गरेको हो । घटनाबारेमा जानकारी लिन चाहने परिवार, आफन्त र अन्य सरोकारवालाका लागि सम्पर्क र विश्वसनीय सूचनाको प्रबन्ध गर्न त्रिभुवन विमानस्थलमा कल सेन्टर स्थापना गर्ने निर्णय गरेको पनि उनले जानकारी दिए ।

सरकारले पार्थिव शरीर बुझ्न र आ-आफ्नो स्थानमा लैजान चाहनेका लागि सहजीकरण गर्न आवश्यक प्रबन्ध मिलाउने निर्णय समेत गरेको छ। घटनापछि त्यसबारेमा जानकारी लिने र तत्काल उद्धारका लागि आवश्यक निर्देशन दिइएको उनले बताए। 'राज्यका सबै निकायलाई परिचालन गर्नेमा प्रधानमन्त्री लाग्नुभएको छ' उनले भने 'राज्यका सम्बद्ध निकाय त्यसैअनुसार परिचालित छन् ।'

विमान चालक कमल केसीसहित चार जना चालक दलका सदस्य र ६८ जना यात्रु सवार यती एयरलाइन्सको विमान माघ १ गते बिहान पोखरामा भएको दुर्घटना नेपालको हवाई दुर्घटनाको इतिहासमा अत्यन्त दुःखद घटना भएको उनलको भनाइ थियो ।

मन्त्रिपरिषदको बैठकले यती एयरलाइन्सको विमान दुर्घटनाको शोकमा माघ २ दुई गते बिहान सोमबार सार्वजनिक बिदा दिने निर्णय गरेको सरकारका प्रवक्ता समेत रहेका उपप्रधानमन्त्री तथा विष्णु पोडेलले जानकारी दिए। बैठकले विमान दुर्घटनाप्रति गहिरो दुःख व्यक्त गर्दै दिवङ्गप्रति हार्दिक श्रद्धाञ्जली व्यक्तसहित शोककुल परिवारप्रति गहिरो समवेदना व्यक्त गरेको छ।

# परिवारसँग माघे संक्रान्ति मनाउन पाएनन्, टिकट बिहान सारेका पत्रकार पौडेलले

**काठमाडौं ।** परिवारसँग माघे संक्रान्ति मनाउन आइतबार दिउँसो पोखरा जाने तयारीमा रहेका पत्रकार त्रिभुवन पौडेलको यती एयरलाइन्सको दुर्घटनामा ज्यान गुमाएका छन् । आफ्ना कामका सीलसीला मिलाएर दिउँसोको टिकट बिहान सारेका पौडेलले आफ्नो परिवारलाई पनि दिउँसै घर आउने बताएका थिए ।

बिहान ११ बजेर १५ मिनेटतिर पोखराको यती एयरलाइन्सको विमान दुर्घटना भएको खबर पाउँदा पनि प्रतिभालाई आफ्नो पति त्यो विमानमा छैनन् भनेर मन बुझाइहेकी थिइन् । सामाजिक सञ्जालमा सार्वजनिक यात्रुको सूचीमा श्रीमानको नाम देखेपछि उनकी पत्नी प्रतिभालाई भस्काएको थियो ।

जब पटक-पटक प्रयास गर्दा पनि फोन सम्पर्क हुन नसकेपछि भने शंका यथार्थमा बदलियो र दुर्घटनामा श्रीमान् खोज्दै अस्पताल पुगेकी उनी बेहोस भएकी थिइन् । माघे ९ गते विवाहको वर्षगाँठ मनाउन प्रतिभालाई उतै बोलाउने तयारीमा रहेका उनीहरूको सपना यतीको विमान दुर्घटनासँगै पूरा हुन पाएन ।

पोखरास्थित उनको घरको माथिल्लो तलामा रुँदै गरेकी पौडेलकी आमाले भनिन्- 'मलाई त काठमाडौं गएको भन्ने पनि थाहा थिएन, म जाने बेलामा अघि लागेर आफैं गयो, कतै जाँदा सधैंभरी खबर गर्ने छोराले खोइ किन हो तर यसपाली गरेन ।'

माओवादीप्रति झुकाव राखे पौडेल सानै उमेरदेखि पत्रकारितामा होमिएका र मिहेनती भएको पोखराका पत्रकारले बद्री विनोद खनालले बताए- 'मैले जनप्रियमा ७ कक्षादेखि १० कक्षासम्म पढाएँ, निकै टाठो र मेहनती थियो ।'

यती एयरलाइन्सको विमान दुर्घटनामा ज्यान गुमाएका ३७ वर्षीय पौडेल नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य, नेपाल पत्रकार महासंघ गण्डकीका संस्थापक अध्यक्ष, महासंघ कास्कीका पूर्वउपाध्यक्ष एवं प्रेस सेन्टर नेपालका केन्द्रीय उपाध्यक्ष समेत भइसकेका थिए । उनी तत्कालीन अर्थमन्त्री कृष्णबहादुर महराको प्रेस संयोजकका रूपमा समेत काम गरेका थिए ।

विसं २०७५ मा विवाह बन्धनमा बाँधिएका पौडलका एक छोरा समेत रहेका छन् । स्वर्गीय पौडेलको शव पश्चिमाञ्चल क्षेत्रीय अस्पतालमा राखिएको छ । उनको सम्झनामा नेपाल पत्रकार महासंघ, नेपाल पत्रकार महासंघ गण्डकी, नेपाल खेलकुद पत्रकार मञ्च गण्डकी, प्रेस युनियन, प्रेस चौतारीलगायतका विभिन्न संघसंस्थाले शोक वक्तव्य जारी गर्दै परिवारजनमा हार्दिक समावेदना व्यक्त गरेका छन् । उनको पार्थिव शरीरलाई पत्रकार महासंघ कास्कीको कार्यालयमा ल्याएर श्रद्धाञ्जली अर्पणको कार्यक्रम रहेको पत्रकार महासंघ कास्कीका अध्यक्ष विमला भण्डारीले जानकारी दिइन् ।

# अब सम्झनाबाहेक केही रहेन : गाउँ नै शोकमग्न

**काठमाडौं ।** महिनाको पहिलो दिन यती एयरलाइन्सको विमान दुर्घटनापछि स्वदेशी र विदेशी सबैले आँखा रसाएका छन् भने दुर्घटनामा ज्यान गुमाउनेहरूको पुर्ख्यौली थलो त झनै शोकमा डुबेको छ । आइतबार बिहान पोखरामा भएको विमान दुर्घटनामा मृत्यु भएका पाइलट कमल केसीको पुर्ख्यौली गाउँ यतिबेला शोकमग्न बनेको छ ।

आफ्ना सहयोगी र इमानदार गाउँले गुमाउनुपर्दा कास्कीको रूपा गाउँपालिका-३ पोल्याङमा रहेको पाइलट केसीको पुर्ख्यौली छरछिमेक सबैको आँशु थामिएको छैन । उनको घरमा रहेकी कान्छी आमा ७९ वर्षीया देवीलाई सान्त्वना दिन गाउँलेहरू भेला हुने गरेका छन् ।

गत दसैंको अष्टमीको दिन पोल्याङमा परिवारका सबै भेला भई रमाइलो गरिएको नै अन्तिम भएको कान्छी आमा देवीले बताइन् । 'दसैंमा सबै जना जमघट भएर निकै रमाइलो गरिएको थियो । कमलले गाउँलेहरूसँग पनि भेटघाट गरेका थिए' देवीले थपिन्, 'अब सम्झिनुबाहेक केही रहेन । यो जन्ममा यत्तिकै हुने भो ।'

घरधन्दामा व्यस्त रहेको आफूलाई नाताले बुहारी पर्ने स्थानीय अप्सरा केसीले कमलले चलाएको विमान दुर्घटनामा परेको भनेपछि रोएरै दिनरात बिताएको देवीले सुनाइन् । दुर्घटनामा देवर गुमाउनुको पीडाले आफूहरूलाई काम गर्ने उत्साह पनि नआएको अप्सराले बताइन् । 'यसरी अकालमा कोही पनि मर्न नपरोस्' उनले भनिन्, 'हामी जस्तै धेरैको परिवार शोकमा पर्नुभएको छ । सबैको आत्माले शान्ति पाओस् ।'

प्राथमिक तहको पढाइ स्थानीय जनता मावि पूरा गरेपछि थप शिक्षाका लागि कमल काठमाडौं आएका थिए । जनता प्राविका व्यवस्थापन समितिका अध्यक्ष समेत रहेका स्थानीय बलभद्र कुमालले भने 'कमलदाइ यहाँको विद्यालयमा पढ्दा निकै चलाख र मिलनसार हुनुहुन्थ्यो । हामी सानालाई निकै माया गर्नुहुन्थ्यो र ठूलालाई आदर गर्ने स्वभाव थियो ।' कुमालले भने 'आँखामा राखे पनि नबिझाउने मान्छेलाई गुमाउँदा हामी गाउँले ठूलो शोकमा परेका छौं ।'

माघे संक्रान्तिको पर्व मनाउने तयारीमा आफूहरू रहे पनि दुर्घटनामा कमल परेको खबरले आफूहरूको भोकप्यास हराएको स्थानीय छिमेकी ६१ वर्षीया कृष्णा रानाभाटले बताए । 'हामी गाउँलेलाई अभिभावक नै गुमाएको जस्तो भएको छ' राणाभाटले सुनाए । स्थानीय विरेन्द्र केसी र मीनाका जेठा छोरा क्याप्टेन कमल बूढानीलकण्ठमा श्रीमती शिलु र कान्छा छोरा आर्यनसँग बस्दै आएका थिए । उनका जेठा छोरा सागर भने बैंककमा रहेका छन् । क्याप्टेन कमलको मृत्युको शोकमा बुबा-आमालगायत श्रीमती शिलु र छोराहरूसहित सबै अर्धचेत अवस्थामा रहेका छन् ।

७२ सिट भएको एटीआर विमानको प्रशिक्षक पाइल समेत रहेका क्याप्टेन कमल अनुभवी पाइटलका रूपमा चिनिन्थे । नेपाल वायु सेवा निगममा लामो समय विमान उडाउने भएका कमल निगम छाडेर यतीमा आबद्ध भएका थिए । माघ १ गते ६८ यात्रुसहित चार चालकका दलका सदस्य रहेको यती एयरलाइन्सको सोही विमानले पुस ७ गते पोखराको पुरानो विमानस्थलबाट नयाँ विमानस्थलमा परीक्षण उडान समेत कमलकै नेतृत्वमा भएको थियो ।

# फ्रान्सबाट आयो एटीआर निर्माता कम्पनीको विज्ञ टोली नेपालमा

**काठमाडौं ।** फ्रान्सबाट यती एयरलाइन्सको एटीआर विमान दुर्घटनाबारे अध्ययन गर्न विज्ञ टोली नेपाल आइपुगेको छ । एटीआर विमान निर्माता कम्पनीको नौ सदस्यीय विज्ञ टोली नेपाल आइपुगेको संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिव सुरेश अधिकारीले जानकारी दिए ।

'एटीआर निर्माता कम्पनीबाट काठमाडौंआएको नौ सदस्यीय विज्ञ टोली आजै पोखरा पुगिसकेको छ' सचिव अधिकारीले भने- 'विमान दुर्घटनापछि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा चासो बढेको छ ।'

सरकारले विमान दुर्घटनापछि पूर्वसचिव नागेन्द्र घिमिरेको संयोजकत्वमा पाँच सदस्यीय दुर्घटना जाँच आयोग गठन गरिसकेको छ ।

# आ-आफ्नै ठाउँ र प्रचलनअनुसार माघे संक्रान्ति अर्थात् माघीपर्व मनाइयो

**काठमाडौं ।** सूर्य उत्तरायण प्रवेश गर्ने दिन माघे संक्रान्ति अर्थात माघीपर्व क्षेत्र र प्रचलनअनुसार पहाडदेखि तराईसम्म स्नान, दानसहित मिठा-मिठा परिकारहरूको रमाइलो लिँदै मनाइएको छ ।

सबै जातजातिले आ-आफ्ना प्रचलनअनुसार मनाउने माघ एक गतेलाई थारू समुदायका मानिसले भने नयाँ वर्षका रूपमा धुमधामका मनाउने गर्दछन् । माघे संक्रान्तिलाई ठाउँअनुसार विभिन्न नाम दिँदै तिलले स्नान गरी तिलकै तेल लगाउने र आफ्ना पितृलाई तिलयुक्त जल दान गर्ने र तिल हवन गर्ने तथा तिल दान गर्ने र तिल मिश्रित परिकार खाने गरिन्छ ।

तराई क्षेत्रमा भने पाँच दिनसम्म धुमधामका साथ माघीपर्व मनाउने गरिन्छ । राजधानीलगायत अन्य स्थानमा बस्ने थारू समुदायले समेत माघ १ गते विशेष रूपमा माघ पर्व मनाउने गर्छन् । माघ १ गते बिहानै जलाशयमा गई स्नान, पूजा गरी ठूलाबडाकहाँ गएर आशीर्वाद लिने र बेलुका घरमा ठूला मुढा बालेर धुनी जगाउने, धुनीको चारैतिर घरपरिवार र पाहुना बसेर खानपिन गर्ने थारु समुदायको परम्परा रहेको छ । यस पर्वका अवसरमा पाँच दिनसम्म उनीहरू आफू स्वतन्त्र भएको अनुभव गर्ने गर्छन् ।

माघी पर्वका अवसरमा चारधामलगायत नजिकैका तीर्थमा गई आ-आफ्ना गच्छेअनुसार दीनदुःखीलाई दान गर्ने चलन समेत रहेको छ । कुनै कारणवश श्राद्ध कर्म रोकिएकाहरूले यसैका दिन श्राद्ध गर्नुपर्छ भन्ने मान्यता रहेको छ । तिलले स्नान गर्नु, तिलको तेल घस्नु, पितृलाई तिलयुक्त जल दिनु, तिल हवन गर्नु, तिल दान गर्नु र तिल खानु गरी जम्मा छ प्रकारले तिलको प्रयोग यस दिन जसले गर्छ त्यो असफल हुँदैन भन्ने जनविश्वास रहेको छ ।

थारु समुदायको मुखिया छनौट समेत यसै पर्वका अवसरमा गरिने प्रचलन रहेको छ । माघी पर्वकै अवसरमा महतो, गुरुवा, पुजारी, धामी, झाँक्री, चौकीदार, कमैया, हली, गोठालो, घरायसी काम गर्ने आदि सबै पदवीको लोकतान्त्रिक विधिबाट निर्वाचन मार्फत गर्ने गरिन्छ । धेरै ठाउँमा माघीका दिन आपसी सहमतिबाट एक वर्षका लागि मुखियालगायत वर्षभर काम गर्ने पदको छनोट गर्छन् । सहमति नहुने स्थानमा भने निर्वाचन नै हुन्छ । थारू जातिमा यस दिन गरिएको सहमति एक वर्षका लागि अकाट्य हुन्छ । बीचमा फेरबदल हुँदैन । यस प्रथालाई माघी देवानी भनिन्छ । थारू समुदायले प्राचीनकालदेखि नै माघ १ गते वर्ष भरीका लागि आफ्नो मुखिया छान्ने परम्परालाई लोकतान्त्रिक अभ्यासका रूपमा बसाएको देखिन्छ ।

यस पर्वका अवसरमा अन्य जातजातिले समेत चामल र दाल मिसाएर पकाएको परिकार खिचडी खाने परम्परा समेत विशेषगरी तराईका थारू समुदायकै भएको मानिन्छ । विवाह, यात्रा, बसाइँसराइका लागि माघीका समयमा साइत हेर्न नपर्ने चलन पनि थारू समुदायमा छ ।

# नमूना बजारमा आगलागी, लाखौंको धनमाल क्षति

**काठमाडौं ।** दमक-६ स्थित नमूना बजारमा आगलागी हुँदा लाखौं मूल्य बराबर धनमाल क्षति भएको छ । जुत्ता र कपडा पसलमा रहेका नौ वटा पसलमा आगलागी हुँदा सम्पूर्ण सामान जलेर नष्ट भएको वडाध्यक्ष टेकबहादुर थापाले जानकारी दिए ।

आगलागीबाट जुत्ताचप्पल व्यवसायी राज श्रेष्ठको सहित नौवटा पसलका सम्पूर्ण सामान जलेर नष्ट भएको उनले बताए । आगलागी कसरी भयो, कारण खुल्न सकेको छैन । आगलागी विद्युत सर्ट भई लागेको हुनसक्ने प्रारिम्भक अनुमान गरिएको इलाका प्रहरी कार्यालय दमकका प्रमुख प्रहरी नायव उपरीक्षक दिलीप गिरीले बताए । क्षतिको विवरण संकलन गर्ने कार्य भइरहेको उनले जानकारी दिए । आगलागी दमकसहित कमल, गौरादह, कानेपोखरीलगायतका बारुणयन्त्र, प्रहरी तथा स्थानीयवासीको प्रयासमा करिव तीन घण्टापछि नियन्त्रणमा आएको थियो ।

# वर्षा र हिमपात नहुँदा सोलुका किसान निराश

**काठमाडौं ।** यस वर्ष हिउँदे वर्षा र हिमपात नहुँदा हिमाली जिल्ला सोलुखुम्बुका किसान निराश बनेका छन् । विगतमा मंसिर र पुसमै हिउँ पर्ने सोलुखुम्बुमा यसवर्ष माघ पहिलो साता बितिसक्दा पनि हिउँ नपर्दा बालीनाली सुक्न थाल्नुका साथै हिमालहरू समेत कालो पहाडमा परिणत हुँदै गएका छन् ।

गएका वर्षहरूमा यतिबेला सोलुका खेतबारी र डाँडापाखा सेताम्मे हिउँले ढाकिन्थे लिखुपिके गाउँपालिका-५ का कामी छिरी शेर्पाले यसवर्ष हिउँ नपर्दा डाँडापाखा उराठलाग्दा र खेतबारी सुक्खा भएको बताए । जिल्लाको माथिल्लो क्षेत्र खुम्बमा गएको वर्ष पुस लाग्न नपाई हिउँ परेको थियो । यस वर्ष माघमा समेत हिउँ नपर्दा आलु, उवा, गहुँ जस्ता बालीबारीमै सुक्नथालेको किसानहरू बताउँछन् ।

हिउँ नपर्दा बारी सुक्खा बन्दै गएको र लगाइएको बालीहरू पनि सुक्दै गएको छ । समयमा हिउँ र पानी नपर्दा यस पटक गत वर्ष जस्तो धेरै चिसो पनि महसुस नभएको सोलुदूधकुण्ड नगरपालिका-३ कामिडमार शेर्पाले बताए ।

बेलामा पानी र हिउँ नपर्नु र मौसम तात्न थालेपछि स्थानीयलाई चिन्तित बनेका हुन् । वातावरणविद राजन थापाले वनजंगलको तीव्र फँडानी, विभिन्न हानिकारक ग्यासहरूको उत्सर्जन लगायतका कारण जलवायुमा परेको असरले वातावरणमा यस्ता परिवर्तनहरू देखापरेको बताए ।

# नेता पुनको स्वास्थ्यबारे जानकारी लिन प्रधानमन्त्री प्रचण्ड अस्पतालमा

**काठमाडौं ।** प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले नेकपा (माओवादी केन्द्र)का उपमहासचिव वर्षमान पुनको स्वास्थ्य अवस्थाका बारेमा जानकारी लिएका छन् । ललितपुरस्थित समेरु अस्पतालमै पुगेर प्रधानमन्त्री दाहालले नेता पुनको स्वास्थ्य अवस्थाका बारेमा जानकारी लिएका हुन् ।

प्रधानमन्त्री दाहालले नेता पुनको स्वास्थ्य उपचारमा खटिएका चिकित्सकसँग आवश्यक जानकारी लिएका उनका सचिवालयले जानकारी दिएको छ ।

माघी पर्वका अवसरमा गृहजिल्ला रोल्पा पुगेका नेता पुनको स्वास्थ्यमा समस्या देखिएपछि उपचारका लागि गत शनिबारदेखि सुमेरु अस्पतालमा भर्ना भएका थिए । गत मंसिर ४ मा सम्पन्न प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनपछि जिल्लाका विभिन्न कार्यक्रममा सहभागी हुन उपमहासचिव पुन केही दिनपहिले रोल्पा पुगेका थिए । गृहजिल्ला रोल्पा पुगेका नेता पुनको स्वास्थ्यमा समस्या देखिएपछि हेलिकोप्टरबाट अस्पताल ल्याइएको थियो ।

केही समय पहिले चीनबाट उपचार गराएर फर्केका नेता पुन जन्डिस रोगबाट पीडित रहँदै आएका छन् । रोल्पा पुगेको उनको स्वास्थ्यमा पुनः समस्या देखिएपछि काठमाडौं ल्याइएको हो ।

उपमहासचिव वर्षामानको कलेजो प्रत्यारोपण गर्नुपर्ने चिकित्सकले सुझाव दिएका छन् । वंशाणुगत जन्डिस (कमलपित्त) का कारणले ग्रसित रहेका नेता पुन पुस ३० गते पुनः स्वास्थ्यमा समस्या देखिएको थियो । उनको उपचारमा संलग्न कलेजो तथा पेट रोग विशेषज्ञ डा युवराज शर्माले अहिले उनको स्वास्थ्य उपचार सुधार भए पनि दीर्घकालीन समस्या समाधानका लागि कलेजोको प्रत्यारोपण गर्नुपर्ने बताए ।

'जन्डिसका कारणले उहाँको कलेजो समस्या देखिएको छ, अरू वैकल्पिक उपचार गरेर कलेजोलाई ठीक पार्न सकिन्छ कि भनेर हामी लागेको छौं' उनले भने 'तर कलेजोको कमजोर स्थिति नै आइसकेको हुनाले प्रत्यारोपण गर्नु सबैभन्दा राम्रो हो, यसबारे हामीले उहाँको परिवारमा छलफलसमेत चलाइसकेका छौं ।'

डा शर्माले कलेजो प्रत्यारोपण कहाँ र कसरी गर्ने भन्ने सम्बन्धमा बिरामीसँग छलफल गर्ने समेत बताए । जन्डिसका कारणले स्वास्थ्यमा समस्या देखिएपछि गत मंसिरमा उपचारका लागि चीन गएका उनको स्वास्थ्यमा सुधार आएपछि नेपाल फर्किएका थिए ।

# प्रचण्ड मन्त्रिपरिषद्मा अधिकांश नयाँ अनुहार

**काठमाडौं ।** प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले मन्त्रिपरिषद विस्तार गर्दा अधिकांश नयाँ अनुहार देखा परेका छन् । गत पुस १० गते प्रधानमन्त्रीमा नियुक्त भएका दाहालले दोस्रो चरणमा मन्त्रिपरिषद् विस्तार गरेका हुन् ।

गत पुस ११ गते पद तथा गोपनियताको शपथ लिँदै ८ सदस्यीय मन्त्रिपरिषद् बनाएका थिए । विस्तारपछि पनि मन्त्रिपरिषद् अझै पूर्ण बन्न सकेको छैन । वन तथा वातावरण र युवा तथा खेलकूद मन्त्रालयको जिम्मेवारी भने प्रधानमन्त्री आफैंले लिएका छन् । प्रधानमन्त्री दाहालको मन्त्रिपरिषद्मा अधिकांश नयाँ अनुहार समेटिएका छन् । राजनीतिमा स्थापित भएपनि अवसर नपाएका नयाँ र युवालाई मन्त्रिपरिषद्मा समेटेर प्रधानमन्त्रीले सकारात्मक सुरुवात गरेका छन् ।


नेकपा (एमाले), नेकपा(माओवादी केन्द्र), राष्ट्रिय स्वतन्त्र पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी र जनमत पार्टीकातर्फबाट सरकारमा सहभागिता रहेको छ । जनता समाजवादी पार्टीबाट पनि मन्त्रिपरिषद्मा सहभागी हुने बताइएपनि अन्तिममा सो दलकातर्फबाट  भने सहभागी भएनन् । गत पुस ११ गते नै उपप्रधानमन्त्री एवं अर्थमन्त्रीमा विष्णु पौडेल, उपप्रधानमन्त्री एवं भौतिक पूर्वाधार तथा यातायातमन्त्रीमा नारायणकाजी श्रेष्ठ र उपप्रधानमन्त्री एवं गृहमन्त्रीमा रवी लामिछानेले जिम्मेवारी सम्हालिसकेका छन् । उपप्रधानमन्त्री एवं ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रीमा राजेन्द्रप्रसाद लिङ्देनले जिम्मेवारी सम्हालि सकेका छन् ।

नवगठित मन्त्रिपरिषद्मा रेखा शर्मा सञ्चार तथा सूचना प्रविधि, विक्रम पाण्डे शहरी विकास, ज्वालाकुमारी साहले कृषि तथा पशुपंक्षी विकास मन्त्रीको जिम्मेवारी पाएका छन् । यसैगरी दामोदर भण्डारी उद्योग वाणिज्य तथा आपूर्ति, राजेन्द्रकुमार राई भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण, अब्दुल खान खानेपानी, डा विमला राई पौड्याल परराष्ट्, पदम गिरी स्वास्थ्य तथा जनसङ्ख्या, भगवती चौधरी महिला बालबालिका तथा ज्येष्ठ नागरिक, हरिप्रसाद उप्रेती रक्षा, सुदन किराती संस्कृति, पर्यटन तथा नागरिक उड्डयन, अमनलाल मोदी सङ्घीय मामिला तथा सामान्य प्रशासन, शिशिर खनाल शिक्षा, विज्ञान तथा प्रविधि, डोलप्रसाद अर्यालले श्रम रोजगार तथा सामाजिक सुरक्षामन्त्रीको जिम्मेवारी पाएका छन् ।

यस्तै, धुब्रबहादुर प्रधानले कानून, न्याय तथा संसदीय मामिलामन्त्रीको जिम्मेवारी सम्हाल्दा सुशीला सिर्पाली ठकुरीले संस्कृति पर्यटन तथा नागरिक उड्डयन राज्यमन्त्री, डा तोसिमा कार्की स्वास्थ्य तथा जनसङ्ख्या राज्यमन्त्री र दिपबहादुर सिंहले ऊर्जा, जलस्रोत तथा सिँचाँइ राज्यमन्त्रीको जिम्मेवारी पाएका छन् ।

# रेबिज : यथार्थ र भ्रम

**डा. शेरबहादुर पुन**




रेबिज भाइरसका कारण रेबिज रोग लाग्छ । विशेषगरी सङ्क्रमित स्तनधारी जनावरबाट रेबिज भाइरस सर्ने जोखिम हुन्छ । यस्ता जनावरबाट रेबिज सर्ने जोखिम हुन्छ । रेबिज सङ्क्रमित कुकुर, स्याल, ब्वाँसो, गाईलगायतका जनावरले टोकेमा हेलचेक्र्याइँ गर्नु हुँदैन, तुरुन्तै एन्टिरेबिज भ्याक्सिन लगाइहाल्नु पर्छ ।

सङ्क्रमित जनावरले टोकेको एकदेखि तीन महिनासम्ममा रेबिज सङ्क्रमणको लक्षण देखिन्छ । तर, महिना नपुग्दै, तीन महिना वा एक वर्षसम्ममा पनि लक्षण देखिन नसक्ने भने होइन । नेपालमा भने सङ्क्रमित जनावरले टोकेको छदेखि आठ महिनासम्ममा रेबिज भाइरस सङ्क्रमणको लक्षण देखिने गरेको छ । सङ्क्रमित जनावरले टोकेको ठाउँ र  टोकेको घाउको गहिराइ तथा प्रकृतिअनुसार लक्षण चाँडै वा ढिलो देखिन सक्छ । औंलाको टुप्पो, घाँटीभन्दा माथिको भाग र शरीरका अन्य भागमा समेत सङ्क्रमित जनावरले गहिरो गरी टोकेमा केही दिन तथा महिना अगाडि नै रेबिज सङ्क्रमणको लक्षण देखिन्छ ।

रेबिज भाइरस सङ्क्रमितमा मुख्यतः हावा र पानीदेखि डराउने, बेचैनी हुनेजस्ता लक्षण देखिन्छन् । टोकेको ठाउँमा झम्झमाउने, माङ्शपेशी दुखेको महसुस हुने, ढाडको तल्लो भाग दुखेको महसुस हुने, कहिलेकहीं शरीर दुख्ने र ज्वरो आउनेजस्ता लक्षण देखिन सक्छन् । रेबिज भाइरसको सङ्क्रमण भएर हावा र पानीदेखि डराउनेजस्ता लक्षण देखिएपछि सङ्क्रमितको मृत्य करिव-करिव सतप्रतिशत नै निश्चित जस्तै हुन्छ ।

रेबिज भाइरस लागेकाहरूको उपचार गर्ने कुनै विशेष औषधि छैन । त्यसैले कुनै पनि जनावरले टोकेमा रेबिज भाइरसविरुद्धको खोप लगाइहाल्नु पर्छ । रेबिज भाइरसबाट बच्ने एक मात्रै तर भरपर्दो उपाय नै यसको खोप हो ।

जनावरले टोकेको यति नै घन्टाभित्र खोप लगाउनुपर्छ भन्ने ठ्याक्कै यकिन समय छैन । तर, जनावरले टोकेपछि जतिसक्दो चाँडै रेबिज विद्धको खोप लगाउनुपर्छ । सकेसम्म तुरुन्तै खोप लगाउनु उचित हुन्छ । जनावरले टोकेपछि जति चाँडै खोप लगायो, त्यति नै फाइदा हुन्छ । खोप लगाउन जति ढिलो भयो, खोपको प्रभावकारिता त्यति नै कम हुँदै जान्छ ।

भौगौलिक विकटतालगायतका कारण जनावरले टोकेका कोही स्वास्थ्य संस्थासम्म आइपुग्न ढिलो पनि हुन सक्छ । यसो भएमा पनि 'ढिलो भइहाल्यो' भनेर खोप लगाउन छुटाउनु हुँदैन । तर, लक्षण देखिनुअघि नै खोप लगाइसक्नु पर्छ । लक्षण देखिइसकेपछि खोप लगाएर अर्थ हुँदैन ।

रेबिज सङ्क्रमित जनावरले टोकेपछि नसा हुँदै मस्तिस्कमा भाइरस जान्छ । मस्तिस्कमा भाइरस सङ्क्रमण भएपछि रेबिज भाइरस सङ्क्रमणका लक्षणहरू देखिन थाल्छन् । त्यसपछि उक्त भाइरस र्‍याल ग्रन्थीमा गएर बस्छ । भाइरस र्‍याल ग्रन्थीमा गएर बस्ने भएकाले नै सङ्क्रमितको र्‍यालको माध्यमबाट अर्को व्यक्तिमा रेबिज सर्ने जोखिम हुन्छ । त्यसैले रेबिज भाइरस सङ्क्रमित व्यक्तिको जुठो खानु हुँदैन ।

रेबिज विरुद्धको एक साइकल खोप लगाएको तीन महिनामा फेरि कुनै जनावरले टोकेमा रेबिजविरुद्धको खोप लगाउनुपर्छ । तर, रेबिजविरुद्धको खोप लगाएको तीन महिना वा त्यसपछि जनावरले टोकेमा भने बुस्टर खोप लगाइन्छ । एक पटक पूरा साइकल रेबिजविरुद्धको खोप लगाइसकेपछि फेरि जनावरले टोकेमा बुस्टर मात्रा नै लगाउनुपर्छ ।

रेबिज सर्ने जोखिमयुक्त ठाउँमा काम गर्ने व्यक्तिले जनावरले टोक्नुअघि समेत रेबिजविरुद्धको खोप लगाउन सकिन्छ । रेबिजबारे अनुसन्धानमा काम गर्ने, भेटेनरीमा काम गर्ने, जनावरको प्रत्यक्ष सम्पर्कमा हुनेजस्ता व्यक्तिहरूले जनावरले टोक्नुअघि नै रेबिजविरुद्धको खोप लगाउनु उचित हुन्छ ।

**होलिस्टिकबाट**

डा. पुन टेकुस्थित शुक्रराज ट्रपिकल तथा सरुवारोग अस्पतालका क्लिनिकल रिसर्च युनिट संयोजक हुन् ।

## हृदयविदारक...

ट्वीटमार्फत् दुर्घटनामा जीवन गुमाउने यात्रु एवं चालक दलका सदस्यप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै शोकाकुल परिवारजनमा गहिरो समवेदना प्रकट गरेकी छन् ।

'यती एयरलाइन्सको एटिआर-७२ विमान पोखरामा दुर्घटना भएको खबरले स्तब्ध भएको छु। दुर्घटनामा जीवन गुमाउने यात्रु एवं चालक दलका सदस्यहरूप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै शोकाकुल परिवारमा गहिरो समवेदना प्रकट गर्दछु' राष्ट्रपतिको ट्वीटमा उल्लेख छ।

विगतमा समेत मौसम तथा अन्य प्राविधिक कारणबाट भएका साना ठूला विमान दुर्घटनामा परी सयौंले ज्यान गुमाउन बाध्य भएको अवस्था आइतबार पोखरा विमानस्थलमा अवतरण गर्न अनुमति लिइसकेको यति एयरलाइन्सको विमान दुर्घटना हुँदा त्यसमा सवार सबै ७२ जना जीवित नरहेको अनुमान गरिएको छ। नेपाल नागरिक उड्डयन प्राधिकरणका सूचना अधिकारी ज्ञानेन्द्र भुलका अनुसार यात्रु ६८ जना यात्रु लिएर पोखरा पुगेको यतीको विमानले दुर्घटनाअघि अवरणको अमुमति लिएको थियो ।

'मौसमको समस्या थिएन, विमानको प्राविधिक कारणले दुर्घटना भएको प्रारम्भिक जानकारी प्राप्त भएको छ' भुलले भने 'विमानमा आकाशमै आगोको भिल्को देखिएको जानकारी प्राप्त भएको छ ।' विमान वरिष्ठ क्याप्टेन कमल केसी र अञ्जु खतिवडाले उडाएका थिए ।

यसैबीच नेपाली कांग्रेसका सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले माघ १ गते पोखरामा भएको विमान दुर्घटनाप्रति दुःख व्यक्त गरेका छन्। सभापति देउवाले दुर्घटनाको तत्काल प्रभावकारी रूपमा उद्धार गर्न सरकारसँग आग्रह गर्दै उद्धारमा खटिन कांग्रेसका स्थानीय कार्यकर्तालाई निर्देशन दिएका हुन् ।

आइतबार भएको यती एयरलाइन्स दुर्घटनाप्रति पूर्वराजा ज्ञानेन्द्र शाहले पनि दुःख व्यक्त गरेका छन् । उनको सचिवालयले जारी गरेको सो विज्ञप्तिमा विमान दुर्घटनाबाट भएको क्षतिप्रति शाहले गहिरो दुःख व्यक्त गर्नुका साथै दुर्घटनामा परी जीवन गुमाउनेका परिवारप्रति समवेदना प्रकट गरेको उल्लेख छ ।

यती एयरलाइन्सको विमान दुर्घटना भएपछि अन्तर्राष्ट्रिय विमानस्थलबाट आइतबारका लागि हुने भनिएका सम्पूर्ण उडान स्थगित गरिए । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलका प्रवक्ता टेकनाथ सिटौलाले दुर्घटनाभएपछि पोखरा विमानस्थलबाट हुने सबै उडान स्थगित गरिएको जानकारी दिए ।

## माओवादीका...

चाबहिलबाट पक्राउ परी नेपाली सेनाको ललितपुरस्थित राजदल गण र पोखराको सैनिक ब्यारेकमा यातना समेत भोगेकी थिइन् ।

युद्धविरामसँगै सरकार र माओवादीबीच वार्ताका थालनी भएपछि विसं २०५९ चैत ३१ मा दुवै जना मुक्त भए र पार्टीमा सक्रिय भूमिकामा फर्किएका हुन् । विसं २०७० र २०७४ मा संसदीय दलको सचेतकको जिम्मेवारी निर्वाह गरेकी शर्मा माओवादीभित्र क्षमतावान नेतृका रूपमा स्थापित छन् ।

सञ्चारमन्त्री शर्मा गत मंसिर ४ मा सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा माओवादी केन्द्रबाट प्रत्यक्षतर्फ निर्वाचित बन्ने एक्ली महिला उम्मेदवार समेत हुन् । आफूलाई सामाजिक न्याय र समानताको पक्षधरका रूपमा परिचित गराउन चाहने मन्त्री शर्मा कृषि र अर्थतन्त्रको विषयमा पनि रुचि राख्छिन् ।

समाजशास्त्रमा स्नातकोत्तर-सम्मको अध्ययन पूरा गरेकी शर्माले पार्टीभित्र विद्यार्थी हुँदै युवा तथा महिला संगठनमा लामो समय जिम्मेवारी सम्हाल्दै राज्यबाट संविधानसभा पदक प्राप्त गरेकी छन् ।

माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड नेतृत्वमा रहेको वर्तमान सरकारमा शर्मालगायत सुदन किराँती संस्कृति, पर्यटन तथा नागरिक उड्यन एवं अमनलाल मोदी संघीय मामिला तथा सामान्य प्रशासनमन्त्रीमा तथा सुशीला श्रीपाली पर्यटन राज्यमन्त्री तोकिएका छन् ।

सामाजिक सञ्जाल प्रयोगमा
सचेतता अपनाऔं !

- सामाजिक सञ्जालमा अपरिचित व्यक्तिको साथी बन्ने अनुरोधलाई विश्वस्त भएर मात्र प्रतिक्रिया जनाऔं ।
- अपरिचित व्यक्तिलाई जथाभावी साथी बन्न अनुरोध नपठाऔं ।
- सामाजिक सञ्जाल तथा अन्य विद्युतीय माध्यमबाट चिट्ठा-पुरस्कारजस्ता आर्थिक प्रलोभनका प्रस्तावको भ्रममा नपरौं ।
- आफूले प्रवाह गरेका सन्देश वा सूचनाबाट समाजमा पर्न सक्ने नकारात्मक प्रभावको ख्याल गरौं ।
- आफ्नो सन्देशले कुनै व्यक्ति वा अन्य कुनै समुदायको आत्मसम्मानमा चोट नपुऱ्याऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## दुर्घटनास्थलबाट ६८ जनाको शव फेला : को-को सवार थिए विमानमा ?

**काठमाडौं ।** अवतरणको अनुमति लिएलगत्तै पोखराको नयाँ र पुरानो विमानस्थल बीचको सेती नदीको खोँचमा बजारिएर दुर्घटनाग्रस्त यती एयरलायन्सको कलसाइन एन-एएनसी एटीआर-७२ विमानमा सवार ६८ जनाको शव फेला परेको कास्कीका सहायक प्रमुख जिल्ला अधिकारी अनिल शाहीले जानकारी दिएका छन् ।

विमान दुर्घटना हुँदा सेती नदीको खोँचमा धेरै तल खसेका कारण क्रेनको प्रयोग गरी निकालिएका शव पोखरास्थित गण्डकी आस्पतालमा लैजाने क्रम जारी रहेको सहायक प्रजिअ शाहीले जानकारी दिए । प्राधिकरणका अनुसार १५ जना विदेशी नागरिक र ६० जना नेपाली नागरिकमध्ये ६२ जना वयस्क, तीन जना बालबालिका, तीन जना असक्त व्यक्ति सो विमानमा सवार थिए ।

विमान दुर्घटनामा परेका यात्रुको शव गण्डकी अस्पतालमा ल्याइएको जिल्ला प्रशासन कार्यालय कास्कीका प्रशासकीय अधिकृत दीपक रेग्मीले जानकारी दिए । शवहरू अस्पताल लगिएसँगै भावविह्वल दिवंगत यात्रुका परिवारजनले अस्पताल परिसर भरिएको छ ।

अस्पताल परिसरमा दिवंगत यात्रुका शोकाकुल परिवारजन भरिए पनि अधिकांश शव पहिचान गर्न सकिने अवस्थामा नरहेको जनाइएको छ । दुर्घटना भएकै दिन अपराह्न २:१५ बजेसम्ममा एक बच्चासहित ३० जनाको शव अस्पतालमा आइपुगेको पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानका निर्देशक प्रा डा भरतबहादुर खत्रीले जानकारी दिए ।

आइतबार बिहान पोखरास्थित सेती खोँचमा दुर्घटनाग्रस्त यतीको जहाजमा सवार यात्रुहरू किसान आचार्य, निशान्त आचार्य, शालिगराम आचार्य, पूर्णबहादुर गुरुङ, जितेन्द्रबहादुर कुँवर, एलिना बन्ड्रो, अनिशा बानियाँ, सडकात अलिमिया, रहेका थिए ।

यस्तै स्लोक भट्ट, निरा छन्त्याल, आशिमा गुरुङ, अनुशा गुरुङ, बेलमान गुरुङ, विजयकुमार गुरुङ, जीवनकला गुरुङ, माया गुरुङ, लक्कि गुरुङ, शिवकुमार गुरुङ, सिता गुरुङ, यमुना गुरुङ, यास्मिन गुरुङ, रविन हमाल, सञ्जय जैसवाल, सोनु जैसवाल, रचना काफ्ले सोही विमानबाट पोखरा जाँदै थिए ।

त्यसैगरी त्रिभुवन पौडेल, अरुण पौडेल, लक्ष्मी पौडेल, प्रसिद्धि पौडेल, सीताकुमारी खड्का, अनिलकुमार राजभार, भगवती कुँवर, अविशेक कुश्वाह, ओममाया गुरुङ, सुस्मा पाण्डे, हरि परियार, लक्ष्मी परियार, रिता परियार, पोजन राना पनि सोही विमानमा सवार थिए ।

सविना रायमाझी, राजन सापकोटा, अनिल शाही, संगिता शाही, जमुना शर्मा, विशाल शर्मा, युवराज शर्मा, मोहन श्रेष्ठ, डा. शोना दिवाकर, बन्दना सुनार, राजुसिंह ठकुरी, चुर्ण थापा, गणेश थापा र लवराज तिमिल्सिना समेतका यात्रु सोही विमानमा यात्रारत थिए ।

यस्तै दुई जना नाम नखुलेका शिशुसहित कृष परियार, प्रसिद्धी पौडेल, आयुर्दि शर्मा, बेबी शर्मालगायतका शिशुहरू समेत सोही विमान दुर्घटनामा परेका छन् ।

यसैगरी मेरोल लभ, आयूरी ल्यागीन, भिक्टर ल्यागीन, जेनितसन्डरा पालाभेकिनो, भिक्टोरिया अतुनिना, इलिना बण्डुरो, रुअनकालुम क्रिष्टोन, एलेक्जेण्डर आइरिडोरेलगायत विदेशी नागरिक यती एयरलाइन्सको सोही विमानका यात्रु थिए ।

## विमान दुर्घटना रोक्ने उचित पहल थाल्न माओवादीको माग

**काठमाडौं ।** नेकपा (माओवादी केन्द्र)ले माघ १ गते कास्कीको पोराखमा भएको विमान दुर्घटनामा परी जीवन गुमाएका यात्रुप्रति श्रद्धाञ्जली व्यक्त गर्दै परिवारजनमा गहिरो समवेदना व्यक्त गरेको छ ।

माओवादी केन्द्रका उपाध्यक्ष एवं प्रवक्ता कृष्णबहादुर महराले एक विज्ञप्ति जारी गर्दै दुर्घटनाका घाइतेको तत्काल उद्धार गरी उपचारको व्यवस्था गर्न सरकारसँग माग गरिएको छ ।

काठमाडौंबाट ६८ जना यात्रु लिएर पोखराका लागि उडान भरेको यती एयरलाइन्सको एटीआर-७२ विमान सेती नदीको खोँचमा दुर्घटनामा परेको हो ।

उपाध्यक्ष महराले मृतकका परिवार तथा घाइतेलाई उचित राहत उपलब्ध गराउन सरकारसमक्ष अनुरोध समेत गरेका छन् ।

पछिल्लो समय बढिरहेको हवाई तथा सवारी दुर्घटना रोक्नका लागि उचित पहल गर्न सम्बन्धित पक्षले ध्यान दिन जरूरी रहेको समेत उपाध्यक्ष महराद्वारा जारी उक्त विज्ञप्तिमा उल्लेख गरिएको छ ।

## उद्धारकाकार्यमा हेलिकप्टर परिचालन

**काठमाडौं ।** यती एयरलाइन्सको विमान दुर्घटनामा परेकाहरूको उद्धार तथा खोजीकार्यका लागि हेलिकोप्टर परिचालन गरिएको छ । नेपाल नागरिक उड्डयन प्राधिकरणको खोज तथा उद्धार समन्वय केन्द्रले जारी गरेको विज्ञप्तिमा पोखराबाट (एनएएलएक्स र एनएएलए हेलिकोप्टर परिचालन गरिएको बताएको हो ।

यस्तै काठमाडौं तथा पोखरा विमानस्थलमा खोज तथा उद्धार कार्यका लागि थप हेलिकोप्टरहरू तयारीका साथ राखिएको र स्थलमार्गबाट खोजी कार्यका लागि नेपाली सेना, सशस्त्र प्रहरी बल, विमानस्थल 'रेस्क्यू एण्ड फायर फाइटिङ' तथा नेपाल प्रहरी समेत संलग्न भइ उद्धार भइरहेको केन्द्रले जानकारी दिएको छ ।

विमानग्रस्त उक्त यती एयरलाइन्सको विमानमा ५३ जना नेपाली नागरिक, ५ जना भारतीय, ४ जना रसियन, आयरल्याण्डका एक, अर्जेन्टिनाका एक, कोरियाका दुई, फ्रान्सका एक जना नागरिकका चालक दलका चार जना सवार थिए । क्याप्टेन कमल केसी र अञ्जु खतिवडाले उडाएको उक्त विमानमा परिचारिका सृजना होङ्चाचुन र ओसिन आले मगर रहेका थिए ।

केन्द्रले एनवाईटी ६९१ नम्बरको एन-एएनसी विमान पोखरा टावरसँग बिहान १०:५० बजे सेती खोँचमा सम्पर्कमा आएको र त्यसपछि उक्त विमान दुर्घटना भएको थियो । यती एयरलाइन्सका प्रवक्ता सुदर्शन बर्तौलाले काठमाडौं विमानस्थलबाट बिहान १०:३३ बजे विमान पोखराका लागि उडान भरेको थियो ।

पोखरामा यति एयरलायन्सको विमान दुर्घटनास्थलमा सर्वसाधारणको अत्यधिक भिडका कारण उद्धारमा समस्या भएको हो ।

सुरक्षाकर्मीले उद्धारमा खटिएका सवारीसाधनलाई ट्राफिक अस्तव्यस्त बन्दा दुर्घटनास्थलमा पुग्न हम्मेहम्मे भएको बताए । पोखराको पृथ्वीचोकबाट सेती नदीको किनारमा जाने साथै बुद्धचोकबाट आगो निभाउनका जाने दमकल एवं पानीका ट्याङ्कर पुऱ्याउन समेत समस्या र भिडभाडका कारण दुर्घटनास्थलमा मोबोइल सम्पर्क समेत असहज बनेको परेको उद्धारमा खटिएका सुरक्षाकर्मीले बताए ।

## विमान दुर्घटनाले अत्यन्तै दुःखी बनाएको छ : अध्यक्ष ओली

**काठमाडौं ।** नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले पोखरामा भएको यती एयरलाइन्स विमान दुर्घटनाले आफूलाई अत्यन्तै दुःखी बनाएको बताएका छन् ।

काठमाडौंबाट स्वदेशी र विदेशी गरी ६८ जना यात्रु बोकेर पोखराका लागि उडान भरेको विमान अवतरणका क्रममा त्रासदीपूर्ण दुर्घटनामा ज्यान गुमाउने सबैप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दै अध्यक्ष ओलीले शोकाकुल परिवारजनमा गहिरो समवेदना व्यक्त गरेका हुन् ।

उनले उद्धारकार्यलाई प्रभावकारी बनाउन पनि सरकारसँग आग्रह गरेको गरेका छन् । उनले सामाजिक सञ्जालमार्फत् पोखरामा भएको त्रासदीपूर्ण दुर्घटनाले अत्यन्तै दुःखी बनाएको उल्लेख गरेका छन् । 'दुर्घटनामा ज्यान गुमाउनुहुने सबैप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवारजनमा गहिरो समवेदना व्यक्त गर्दछु ।'

## विमान दुर्घटनाको सत्यतथ्य पत्ता लगाउन पाँच सदस्यीय आयोग

**काठमाडौं ।** सरकारले माघ १ गते बिहान पोखरास्थित नयाँ र पुरानो विमानस्थलबीचको सेती नदीको खोँचमा दुर्घटनाग्रस्त बनेको यती एयरलाइन्सको विमानको दुर्घटनाका सत्यतथ्य पत्ता लगाउन पाँच सदस्यीय जाँच आयोग गठन गरेको छ ।

प्रधानमन्त्री निवास बालुवाटारमा बसेको मन्त्रिपरिषद्को आकस्मिक बैठकले दुर्घटनाको कारण पहिचान गर्न र आगामी दिनमा त्यस्ता दुर्घटनाहरू दोहोरिन नदिनका लागि अपनाउनुपर्ने सुझावसहितको प्रतिवेदन दिन आयोग गठन गरेको हो ।

सरकार प्रवक्ता एवं उपप्रधान तथा अर्थमन्त्री विष्णु पौडेलले पूर्वसचिव नागेन्द्र घिमिरेको संयोजकत्वमा पाँच सदस्यीय आयोग गठन गरिएका जानकारी दिए । सदस्यसचिवमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सहसचिव बुद्धिसागर लामिछानेसहित आयोगमा हवाई विज्ञद्वय दीपकप्रकाश बास्तोला (अवकाशप्राप्त उपरथी) र सुनिल थापा (अवकाशप्राप्त क्याप्टेन) तथा हवाई मर्मत इन्जिनियर एकराजजंग थापा सदस्य रहेका छन् ।

विमान दुर्घटनाको कारण पहिचान गर्न आयोगलाई ४५ दिन समय पाएको छ । आयोगले दुर्घटनाको कारण पहिचान गर्नुका साथै आगामी दिनमा त्यस्ता दुर्घटना हुन नदिनका लागि गर्नुपर्ने कार्यका लागि सुझावसहितको प्रतिवेदन पेश गर्ने जिम्मेवारी दिइएको छ ।

गैरसैनिक हवाई उडान दुर्घटना जाँच नियमावली २०७१ बमोजिम गठन गरिएको आयोगले प्रतिवेदन बुझाएपछि सरकारले सुझाव कार्यान्वयनको व्यवस्था मिलाउने प्रवक्ता पौडेलले बताए ।

प्रकाशकः **कोसेली मिडिया सपोर्ट प्रा.लि.** सम्पादक : **सानु राय (गौतम) [९८४९६००२०९]** बजार व्यवस्थापक : **माधवप्रसाद न्यौपाने [९८४६५२८५०२]**
**कार्यालय** : जोरपाटी, काठमाडौं **फोन** : ९८४७३९५३८६ **इमेल** : janajibro.news@gmail.com **वेबसाइट** : www.janajibro.com **मुद्रण** : शर्मिला प्रिन्टर्स, डल्लु, काठमाडौं